**बाबा ! जीवन के हो ?**



- दीपक खनाल

हिजो

बेस्सरी रोएको थिएँ

आज

मज्जाले हाँसेको छु

भोलि

फेरि रुन सक्नेछु

हिजो

झमझमपानी परेको थियो

आज

टण्टलापुर घामलागेको छ

प्यारी छोरी सुनकेस्री !

नसोध, बाबाजीवन के हो भनेर

तिम्रै नयनको आँगनभरि

फुलिरहेको

राततिघ्रेलाईसोध त

तिम्रै मनको बगैंचाभरि

झुलिरहेको

गुलाफलाईपढ त

कल्कलाउँदो पानीको संगीतलाई

सुन त

स्वयम्भु र पशुपतिमाउफ्रिरहेका

बाँदरकाबथानको क्रीडालाई हेर त

नीलगगनमाउडिरहेका

करऱ्याङकुरुङकाहुलहरूको ध्वनि सम्झ त

मलेवाको जोडीलाई पछ्याऊ त

शहीदभनेको थाहापाउँछेऊ नि?

हो

शहीदकाश्रीमती र छोराछोरीलाई

भेट त

मूर्दाघरको मजदूर

अनि

घाटेवैद्यलाई

गहिरिएर पढ त

किसानमामाअनि

भरिया काकासँगभलाकुसारी

गर त

मान्छे-मान्छेको खाडलको उचाइनाप त

तिम्रै वरिपरिका सडकमाछाडिएका

हजुरबाआमासँगबोल त

तिम्री साथीमलेवीका

डायस्पोरिक ड्याडी, ममी, अंकल, अन्ट्रीकाआँसुकाकथा, कवितामाथि

आँखालगाऊ त

‘देश’भनेको सुनेकी छेऊ नि?

हो, त्यही देशको

चर्चऱ्याइरहेको घाउ

सुम्सुम्याऊ त

प्यारी छोरी सुनकेस्री मैया !

नसोध मलाई

बाबाजीवन के हो भनेर

तिमीलाईऔंधीमनपर्ने

‘नेशनलजोग्राफी’ सर्च गर त

छोरी ! जीवनत्यहीहो

छोरी !!जीवनत्यहीहो ।